आज मिति २०८१ साल पौष १२ गते शुक्रवारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

प्रस्ताव नं. २:- पन्ध्रौं गाउँसभा बैठक (हिउँदे अधिवेशन) संचालन सम्बन्धमा ।

निर्णय नं. २:- प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ मा भएको प्रावधान बमोजिम यस जानकी गाउँपालिकाको पन्ध्रौं गाउँसभा बैठक (हिउँदे अधिवेशन) मिति २०८१ साल पौष २१ गतेका दिन विहान ११:०० बजे जानकी गाउँपालिका, वडा नं. ३, सुवर्णपुर स्थित कृषि भवनको सभा हलमा संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ :- स्वास्थ्य सेवाका कर्मचारीहरुको अपुग तलब, भत्ता लगायत अनिवार्य दायित्व माग सम्बन्धमा ।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.ब. २०८०/०८१ मा यस कार्यालयमा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरले ९ महिनाको तलब २०८१ साल असार २३ गते मात्र प्राप्त गरेको विषय स्मरण गर्दै यस चालू आ.व. २०८१/०८२ मा समेत सशर्त अनुदान तर्फ विनियोजित बजेट मध्ये स्वास्थ्य सेवा तर्फका स्थायी कर्मचारीहरुको तलब भत्ता लगायत अनिवार्य दायित्वहरुको लागि यस अघि पठाईएको रकम ९ महिनासम्म अपुग हुने देखिएको छ । गत आ.ब. २०८०।०८१ मा जस्तै समस्या आउन नदिन स्वास्थ्य सेवाका कर्मचारीहरुको अपुग तलब, भत्ता लगायत अनिवार्य दायित्व बार्षिक विवरण बमोजिम रु. २,५२,३१,०८१।५० (अक्षेरुपी दुई करोड बाउन्न लाख एकतीस हजार एकासी रुपैयाँ र पचास पैसा मात्र ।) थप रकम समयमै विनियोजन गरी निकासा गरिदिनुहुन नेपाल सरकार, अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ :- जानकी गाउँपालिकालाई "थारु लोक-कलाको हब (Hub)" बनाउने सम्बन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा थारु लोककलाको संरक्षण, प्रवर्द्धन, विकास र व्यावसायीकरण तथा बजारीकरणको लागि ललितकला प्रज्ञा प्रतिष्ठान, सीताभवन, काठमाडौँ लगायत अन्य सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा जानकी गाउँपालिकालाई थारु लोककलाको हब बनाउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ :- गाउँपालिका स्तरीय खानेपानीसरसफाई, स्वच्छता इकाई (MWASH-UNIT) लाई गाउँपालिकाको संगठन संरचना (Organogram) मा समावेश गर्ने सम्बन्धमा ।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिका स्तरीय खानेपानीसरसफाई, स्वच्छता इकाई (MWASH-UNIT) लाई गाउँपालिकाको संगठन संरचना (Organogram) मा समावेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६:- माघी मिलन कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. ६:- प्रस्ताव नं. ६ माथि छलफल गर्दा हिन्दुहरुको विशेष चाड एवम् थारु समुदायको नयाँ वर्ष तथा बरका टिहुवार माघको शुभ उपलक्ष्यमा माघको अवसरमा शुभकामना आदान प्रदान तथा पौराणिक साँस्कृतिक नाच र गीतहरुको संरक्षण र सम्वर्द्धन गर्न तपसिलको मिति, समय र स्थानमा माघ मिलन तथा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

तपसिल :-

मिति :- २०८१ साल पौष २८ गते आइतबार ।

समय :- विहान ११:०० बजे ।

स्थान :- जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माणस्थल, दुर्गौली, कैलाली ।

२०८१.०९.१२

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०९/१२
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. ७:- माघी बिदा सम्बन्धमा ।

निर्णय नं. ७:- प्रस्ताव नं. ७ माथि छलफल गर्दा हिन्दुहरुको विशेष चाड एवम् थारु समुदायको नयाँ वर्ष तथा बरका टिहुवार माघको शुभ उपलक्ष्यमा यस गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा मिति २०८१।१०।०२ गते १(एक) दिन माघी बिदा दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ :- बालमैत्री स्थानीय शासन नीतिगत प्रकृयागत कार्य अबलम्बन सम्बन्धमा ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ दफा १२ उपदफा २ को (ग) बमोजिम वडा समितिको काम कर्तव्य अन्तरगत वडा बालमैत्री बनाउने कानूनी व्यवस्था बमोजिम यस जानकी गाउँपालिकास्तरिय मिति २०८१।०८।२९ र ३० गते भएको CFLG सम्बन्धी नीतिगत अभिमूखिकरणका विषयवस्तुहरु अनुसार CFLG अवधारणा यस गाउँपालकाको वडा नं. १ देखि ९ नं. वडा सम्म र सिंगो जानकी गाउँपालिकामा अबलम्बन कार्यान्वियन तथा २०८३ माघ मसान्त सम्ममा गाउँपालिकालाई नै बालमैत्री घोषणाको कार्य गर्ने/गराउने प्रकृया कार्यान्वियन गर्न गराउनका लागि आवश्यकीय कार्य/कृयाकलापहरु अगाडि वढाउने तथा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका समझदारी तथा प्रतिवद्धता कार्यान्वियन गर्ने सन्दर्भमा बालअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख गरिएका बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारका मूलभूत विषयलाई सम्बोधन गरी बाल अधिकार सुनिश्चित गर्न बालमैत्री स्थानीय शासन प्रणाली प्रवर्द्धनको अभियानलाई सार्थक बनाउन प्रचलित कानुन बमोजिम यस गाउँपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ :- CFLG को संस्थागत संरचना गठन सम्वन्धमा ।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा CFLG कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम CFLG अभियानको नेतृत्वदायी भूमिका निर्वाहका लागि निर्देशिकाको दफा १६ (क) मा भएको व्यवस्था बमोजिम बालमैत्री स्थानीय शासन गाउँपालिका समिति गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० :- CFLG को संस्थागत संरचना गठन सम्बन्धमा ।

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा समाज रुपान्तरणको राष्ट्रिय महा अभियान चुस्त दुरुस्त उपलब्धि प्राप्तिका लागि निम्न अनुसार नतिजामूखि कार्ययोजना तयार गरिएकोले उक्त कार्ययोजनालाई कार्यान्वियन गर्न गराउनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्ने र तपसिलमा उल्लेखित कार्ययोजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:-

बालमैत्री स्थानीय शासन नीतिगत, प्रक्रियागत कार्य कार्यान्वयनका लागि नतिजामुखी कार्ययोजना

आ.व. २०८१।०८२

| क्र.सं. | कार्य विवरण | मिति | अनुमानित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | बालमैत्री स्थानीय शासन कार्य कार्यान्वियनका लागि नतिजामुखि कार्ययोजना स्वीकृत गर्ने । | कार्यपालिकाको आगामी बैठकमा | | गाउँपालिका |
| २. | बालमैत्री स्थानीय शासन नीतिगत रुपमा अवलम्बन, कार्यान्वियनका लागि नीतिगत प्रस्तावमा निर्णय गर्ने | कार्यपालिकाको आगामी बैठकमा | | गाउँपालिका |
| ३. | बालमैत्री स्थानीय शासनको सम्पर्क शाखा इकाईको संस्थागत प्रबन्ध, सम्पर्क व्यक्ति तोक्ने (गा.पा.मा) | कार्यपालिकाको आगामी बैठकमा | | गाउँपालिका |
| ४. | वडामा बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति एक एक जना तोक्ने, वडा सदस्यहरुमध्ये १ जना, ४ | वडा बैठकमा २०८१ पौष १५ भित्र | | वडा समिति |

| | | | | |
|---|---|---|---|---|
| | जना वडा सदस्यहरुलाई टोल जिम्मेवारी तोक्ने | | | |
| ५. | बालमैत्री गाउँपालिका सहजकर्ताको रुपमा १ जना कर्मचारी चयन गर्ने कर्मचारी भित्रबाट वा अन्य महिनामा करीब २० दिन पुरै फिल्डमा परिचालन हुने गरी | २०८१ पौष १५ गते भित्र | गाउँपालिकाको समझदारीमा | गाउँपालिका |
| ६. | वडा बालमैत्री सहजकर्ताको रुपमा कार्य जिम्मेमवारी तोक्ने नियुक्त ग र्ने ९ जना २५ दिन पुरै वडाभित्रको फिल्डमा खट्ने गरी | २०८१ पौष भित्र | गाउँपालिकाको समझदारीमा | गाउँपालिका |
| ७. | बालमैत्री स्थानीय शासनको नीतिगत, प्रक्रियागत कार्य कार्यान्वियनका लागि अवलम्बन, कार्यान्वियन तथा घोषणा प्रक्रिया सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रम गर्ने १/१ दिन | २०८१ माघमा | अन्य सहित ३,५०,०००।- | गाउँपालिका |
| ८. | वडा बाल समूह, बाल समूह संजाल र पालिका बाल संजाल प्रक्रियागत गठन, पुनर्गठन गर्ने | २०८१ माघ भित्र | १,५०,०००।- | वडा तथा गाउँपालिका |
| ९. | नगर CFLG कार्यान्वियन सहजीकरण समितिको गठन, बैठक तथा परिचालन गर्ने | २०८१ पौषभित्र बैठक निरन्तर | २५,०००।- | गाउँपालिका |
| १०. | सहजकर्ता र सम्पर्क व्यक्तिलाई बालमैत्री स्थानीय शासन सम्बन्धी ४ दिने क्षमता विकास तालिम दिने २१ जना | २०८१ माघमा | १,७०,०००।- | |
| ११. | बालमैत्री स्थानीय शासन सम्बन्धी टोल अभिमुखीकरण गर्ने ९० मिनेट | २०८१ जेष्ठ भित्र | १,५०,०००।- | वडा र गाउँपालिका |
| १२. | बालबालिकाको वस्तुगत विवरणको तथ्याङ्क विश्लेषण गर्ने | २०८१ माघमा सहजीकरण समितिको बैठकमा | | गाउँपालिका |
| १३. | (क) विद्यालय प्र.अ., वि.व्य.स., अध्यक्ष<br>(ख) स्वास्थ्य चौकी इन्चार्ज सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका, स्वास्थ्यकर्मी<br>(ग) संघसंस्था, गै.स.स., बडघर, सहकारी, यूवाक्लब आदि<br>(घ) संचारकर्मीहरुलाई १/१ दिन बालमैत्री स्थानीय शासन कार्यान्वियन, घोषणा र दिगोपनामा भूमिका सम्बन्धी अन्तरक्रिया (पालिकास्तरीय) गर्ने | २०८१ फागुनमा | २,००,०००।- | वडा तथा गाउँपालिका |
| १४. | सभामा अवलम्बन गर्ने निर्णय र | कार्यपालिका, | | वडा तथा |

२०८१.०८.१२ आशिष चौधरी प्रशासकीय अधिकृत

२०८१।०८।१२ गणेश चौधरी अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | बजेट विनियोजन गर्ने निर्णय गर्ने | आगामी सभाबाट | | गाउँपालिका |
| १५. | सूचक सरलीकरण तथा बालमैत्री आचारसंहिता निर्माण कार्यशाला गर्ने १ दिने | २०८१ फागुनमा | ५०,०००।- | वडा तथा गाउँपालिका |
| १६. | बालमैत्री आचारसंहिता बैठकबाट स्वीकृत, छपाई, वितरण, विद्यालय, टोल-टोलमा छलफल गर्ने | २०८१ फागुन | १,५०,०००।- | वडा तथा गाउँपालिका |
| १७. | विद्यालय व्यवस्थापन समिति, स्वा.व्य.समितिको तथा अन्य समितिमा र बैठकमा आमान्त्रित अर्थपूर्ण बाल सहभागिता गर्ने | २०८१ माघ भित्र | | वडा तथा गाउँपालिका |
| १८. | वडामा बालमैत्री स्थानीय शासन सम्पर्क शाखामा अध्ययन फ्लेक्स टाँसका लागि सामग्री छपाउने र जगेडा फर्निचरको प्रयोग | २०८१ चैत्र भित्र | २,५०,०००।- | वडा तथा गाउँपालिका |
| १९. | बालमैत्री स्थानीय शासनका नीतिगत कागजात व्यवस्थापनका लागि फाईल सूची तयारी २ दिने कार्यशाला गर्ने ९ वटै वडाको एक ठाउँमा पालिकास्तरीय प्रत्येक वडाको ३३ वटा फाईल | २०८१ चैत्रमा | १,७०,०००।- | वडा तथा गाउँपालिका |
| २० | अनुगमन, समीक्षा र मूल्याङ्कन अगमन चेकलिष्ट सहित | ३/३ महिनामा | ८०,०००।- | |
| २१. | (क) गाउँपालिकाको बालबालिका सम्बन्धी नीति निर्माण गर्ने<br>(ख) बालकोष संचालन कार्यविधि निर्माण गर्ने<br>(ग) बाल समूह तथा बाल समूह संजाल विधान निर्माण गर्ने | २०८२ बैशाख भित्र | १,५०,०००।- | |
| २२. | विभिन्न समिति, समूहको नियमित बैठक तथा समीक्षा गर्ने | निरन्तर तोकिएको समयमा | १,५०,०००।- | वडा तथा गाउँपालिका |
| २३. | किराना पसल, खुद्रा पसल, होटेलमा सावधान बोर्ड | २०८१ चैत्रमा | १,००,०००।- | वडा तथा गाउँपालिका |
| २४. | बालविवाह तथा बालश्रम, बालकूलत सम्बन्धी माईकिङ्ग र एक घर एक चिठ्ठी टाँस गर्ने | २०८१ माघ १५ भित्र | ८०,०००।- | वडा तथा गाउँपालिका |
| २५. | सहजकर्ता मासिक बैठक, अन्तरक्रिया | प्रत्येक महिना | १,००,०००।- | वडा तथा गाउँपालिका |
| २६. | वडा भित्र आन्तरिक बालमैत्री अभियान संचालनका लागि प्रत्येक वडाले बार्षिक कम्तिमा ६ लाख विनियोजन गरेमा वडाको सूचक पुरा गर्नमा सहयोग हुनेछ । | प्रत्येक वडाले ६ लाख बजेट विनयोजन गर्ने | | वडा ले |
| | विविध | | ................ | |
| | जम्मा अनुमानित रु | | ................ | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष
२०८१।०५।१२

बालमैत्री स्थानीय शासन नीतिगत, प्रक्रियागत कार्य कार्यान्वयनका लागि नतिजामुखि कार्ययोजना
२०८२।०८३ देखि २०८३।०८४ सम्मको लागि अनुमानित आर्थिक स्रोत

| क्र.सं. | कार्य विवरण | मिति | अनुमानित बजेट | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १. | (क) विद्यालय प्र.अ.वि.व्य.स. अध्यक्ष (ख) स्वास्थ्य चौकी ईन्चार्ज, महिला स्वास्थ्य स्वयम सेविका, स्वास्थ्य कर्मी (ग) संघ संस्था, गै.सं.सं., बडघर, सहकारी, यूवा क्लब आदिसँग कार्यसम्पादन सम्बन्धी समीक्षा अन्तर्क्रिया गर्ने | २०८३ मंसिर | १,५०,०००।- | वडा तथा गाउँपालिका |
| २. | गाउँ सभामा घोषणा गर्ने निर्णय र बजेट विनियोजन गर्ने निर्णय गर्ने | २०८३ चैत्र | ...... | वडा र कार्यपालिका. |
| ३. | बाल समूह तथा बाल संजालले २/२ महिनामा अतिरिक्त कार्यक्रम गर्ने | २/२ महिनामा पैसा र बिना पैसाको | ३,००,०००।- | वडा र कार्यपालिका. |
| ४. | गाउँपालिका CFLG कार्यान्वियन सहजीकरण निरन्तर बैठक तथा परिचालन गर्ने | आवश्यकता अनुसार | ५०,०००।- | गाउँपालिका |
| ५. | वि.व्य.स., स्वा.व्य.समितिको तथा अन्य समितिमा र बैठकमा आमान्त्रित अर्थपूर्ण बाल सहभागिता गर्ने | निरन्तर | ............. | गाउँपालिका वडा समिति विद्यालय |
| ६. | बालमैत्री सहजकर्ता तथा सम्पर्क व्यक्तिहरुलाई कार्यसम्पादन समीक्षा तथा पुनर्ताजगी तालिम दिने २ दिन मात्र | २०८२ मंसिरमा | ७०,०००।- | कार्यपालिका |
| ७. | गाउँपालिका तथा वडा बालमैत्री सहजकर्ताहरुलाई संचार, यातायात, सामान्य खाजा बापत | निरन्तर | ......... | कार्यपालिका |
| ८. | गाउँपालिका तथा वडाको बालसमूह र संजालहरुलाई क्षहमता विकास सम्बन्धी प्रशिक्षण दिने १/१ दिने | २०८२ असोजमा | २ वटा वडाको एक ठाउँमा ३,००,०००।- | वडा गाउँपालिका |
| ९. | जिल्ला विषयगत साझेदारहरुसँग अन्तरक्रिया र समन्वय संजाल निर्माण गर्ने | २०८२ कार्तिकमा | ७०,०००।- | गाउँपालिका |
| १०. | बालमैत्री स्थानीय शासनको सूचकको कार्यान्वियनको प्रारम्भिक अवस्था मापन तथा बालमैत्री स्थानीय शासनको पञ्चबर्षीय आवधिक लगानी योजना निर्माण कार्यशाला, स्थलगत वडा, वडा स्तरीय २ दिन। (दुई दुई प्रति अन्तिम मस्यौदा किताब तयार) | २०८१ फागुन | ४,५०,०००।- | वडा गाउँपालिका |
| ११. | विभिन्न विषयगत तहगत चेकलिष्ट सहित वडामा अनुगमन गर्ने | ४/४ महिनामा | १,००,०००।- | वडा गाउँपालिका |
| १२. | विद्यालयको गेटमा सचेतना बोर्ड, किराना पसल, खुद्रा पसलमा सावधान बोर्ड, बालविवाह, निकृष्ट बालश्रम बारे | निरन्तर | ५,००,०००।- | वडा गाउँपालिका |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | घरघरमा पत्रचार, सूचना, पर्चा, पम्प्लेट, माइकिङ्ग आदि । | | | |
| १३. | विभिन्न ऱ्याली, सडक नाटक, अन्तरकृया, बैठक आदि । | निरन्तर | ३,००,०००।- | वडा तथा गाउँपालिका |
| १४. | सहजकर्ता तथा सम्पर्क व्यक्तिको मासिक बैठकहरु | निरन्तर | २,००,०००।- | वडा तथा गाउँपालिका |
| १५. | अनुगमन, समीक्षा र मूल्याङ्कन, तहगत अन्तिम अनुगमन चेकलिष्ट सहित | २०८३ | १,००,०००।- | वडा, गाउँपालिका, जिसस, प्रदेश मन्त्रालय |
| १६. | वडा बालविवाह मुक्त र बालश्रम मुक्त घोषणा तथा चिनारी सूचना बोर्ड जडान | २०८२ मंसिरमा | प्रति वडा ४०,००० का दरले जम्मा ३,६०,०००।- | वडा तथा गाउँपालिका |
| १७. | वडागत फाइल आधार कागजातको चेकलिष्ट सहित अनुगमन तथा वडा घोषणा योग्य छनौट | २०८३ ज्येष्ठ | ७०,०००।- | वडा तथा गाउँपालिका |
| १८. | अन्तिम प्रतिवेदन, बालबालिकाको स्थिति प्रतिवेदन तयारी, अन्तिम सूचक मापन गर्ने, बालमैत्री वडा घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजना निर्माण, छपाई, वितरण गर्ने, गाउँपालिकास्तरीय | वडा, गापा घोषणाको ३ महिना अगाडी | २,५०,०००।- | |
| १९. | घोषणाको अन्तिम चरणमा वडा तथा गाउँपालिका सभा, भेला बाटै प्रतिवद्धता सहितको निर्णय | वडा, गापा घोषणाको २ महिना अगाडी | …….. | वडा तथा गाउँपालिका |
| २०. | बालबालिकाको लगानी योजना एवं वार्षिक गाउँ विकास योजना बमोजिमका कार्यक्रम संचालन<br>नोट: नीति तथा कार्यक्रम किताबमा उक्त कार्ययोजना समावेस गरेको हुनु पर्छ । | आ.ब.को रातो किताबमा | ……….. | वडा तथा गाउँपालिका |
| २१. | गाउँपालिका घोषणाका लागि आर्थिक स्रोत व्यवस्थापन सम्बन्धी लगानी सम्मेलन गर्ने | गापा घोषणाको ३ महिना अगाडी | २०,०००।- | वडा तथा गाउँपालिका |
| २२. | बालमैत्री स्थानीय शासनयुक्त वडा तथा गापा घोषणा कार्ययोजना तयारी | वडा, गापा घोषणाको ४५ दिन अगाडी | २५,०००।- | वडा तथा गाउँपालिका |
| २३. | घोषणा प्रक्रिया, गतिविधिको बारेमा सार्वजनिक सुनुवाई परीक्षण कार्यक्रम गर्ने | घोषणा भन्दा १ महिना अगाडी | २०,०००।- | वडा तथा गाउँपालिका |
| २४. | जिसस, प्रदेश तथा अन्य निकायद्वारा अनुगमन | अन्तिम चरणमा | ५०,०००।- | वडा तथा गाउँपालिका |
| २५. | वडालाई पुरस्कार स्वरुप थप अनुदान ५०,००० प्रति वडा | गापा घोषणा समारोहमा | ४,५०,०००।- | गाउँपालिका |
| २६. | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह गर्ने (सामान्य) | | प्रति वडा ५०,००० का दरले जम्मा रु. | वडा समिति तथा गाउँपालिका |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

२०८१/०८/१२

| | | | | |
|---|---|---|---|---|
| | | | ४,५०,०००।- | |
| २७. | बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा समारोह व्यवस्थापन, सामाग्री आदि | | १०,००,०००।- | वडा समिति तथा गाउँपालिका |
| २८. | बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने | २०८३ माघ भित्र | ......... | वडा गाउँपालिका |
| २९. | विविध रु. | | ५०,०००।- | |
| | जम्मा अनुमानित रु. | .................... | | |

**प्रस्ताव नं. ११ :- CFLG सम्पर्क शाखा र सम्पर्क व्यक्ति चयन सम्वन्धमा ।**

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा माथि छलफल गर्दा कार्यान्वियन निर्देशिका २०७८ बमोजिम CFLG कार्यान्वियनका चरण तहगत खुड्किला अनुसार पालिकास्तरिय CFLG सम्पर्क शाखाको रुपमा यस कार्यालयको सामाजिक विकाश शाखा र सो शाखामा कार्यरत शाखा प्रमुखलाई पालिका स्तरिय सम्पर्क व्यक्ति तोक्ने साथै प्रत्येक वडामा वडा सदस्य मध्ये एक (१) जना सदस्यलाई वडा CFLG सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :- बालमैत्री गाउँपालिका सहजकर्ता तथा वडा बालमैत्री सहजकर्ता व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा CFLG अवधारणाले पालिका भित्र सुदृढ, जवाफदेहि बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका निर्माणका लागि बालमैत्री गा. पा. सहजकर्ताको रुपमा सहायक चौथो, श्री भोज बहादुर चौधरीलाई तोक्ने तथा ९ बटै वडामा १/१ जना वडा बालमैत्री सहजकर्ता र सम्पर्क व्यक्तिहरु व्यवस्थापनको जिम्मा वडा कार्यालयहरुलाई दिने निर्णय गरियो । वडा कार्यालयहरुले कार्यालयमा कार्यरत कर्मचारीहरुमध्येबाट १ जना वडा बालमैत्री सहजकर्ता र वडा सदस्यहरु मध्येबाट १ जना बालमैत्री सम्पर्क व्यक्ति तोकी सो को जानकारी गाउँ कार्यपालिका कार्यालयलाई पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :- बालमैत्री गाउँपालिका सहजकर्ता तथा वडा बालमैत्री सहजकर्ता व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन नीतिगत, प्रक्रियागत कार्य कार्यान्वियनका लागि नतिजामूखी कार्ययोजना आ.व. २०८१।०८२ का लागि आवश्यक पर्ने बजेट व्यवस्थापन तपसिल बमोजिम गर्ने निर्णय गरियो । साथै २०८२।०८३ देखि २०८३।०८४ सम्मको लागि क्रमश: बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १४ :- प्रस्ताव नं. १४ माथी छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका समक्ष कैलाली जिल्ला बर्दगोरिया गाउँपालिका वडा नं. २ बौनियाँ बजार बस्ने बरिष्ठ देउडा गायक राजाराम भाट(ना.प्र.नं. ९/३२२, अछाम) को मिति २०८१।०९।०४ गते प्राप्त निवेदन अनुसार निजको दुबै मृगौलामा समस्या भएको र उपचारको लागि घरको आर्थिक अवस्था कमजोर रहेको तथा विभिन्न संघ/संस्था/व्यक्तिगत सहयोगबाट उपचार गराउँदै आएको व्यहोरा बुझिन आएकोले जानकी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०८१ बमोजिम निजलाई रकम रु. २५,०००।– (अक्षेरुपी पच्चीस हजार मात्र ।) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

८१.०९.१२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०९।१२
गणेश चौधरी
अध्यक्ष